# इन्भिट्रो अन/गो COVID-19 एन्टिजेन स्व-परीक्षण गर्ने तरिका

**चरण 1.** परीक्षण स्थलमा गएर यो परीक्षण किट लिएर आउनुहोस् ।

**चरण 2.** परीक्षण किटसँगै दिइएका सबै निर्देशनहरू पढ्नुहोस् ।

**चरण 3.** परीक्षण स्थलभन्दा बाहिर परीक्षण गर्नुहोस् र आफ्ना नतिजाहरू प्राप्त गर्न 10-15 मिनेट पर्खनुहोस् ।

**चरण 4.** नतिजाहरूका बारेमा **healthvermont.gov/reportresults** मा जानकारी गराउनुहोस् र एउटा संक्षिप्त फाराम भर्नुहोस् ।

**तपाईंको जवाफ गोप्य रहन्छ ।**

**चरण 5.** तपाईंको परीक्षणको नतिजाको प्रमाण आवश्यक परेमा On/Go एप डाउनलोड गर्नुहोस् । तपाईंले आफ्नो परीक्षणका नतिजाहरूका बारेमा जानकारी गराउनु जरुरी हुन्छ ।

परीक्षणसम्बन्धी अनुवाद गरिएका निर्देशन तथा निर्देशनात्मक भिडियोका लागि यहाँ जानुहोस्:
**www.healthvermont.gov/covid-19/testing**

CIC Health
VERMONT DEPARTMENT OF HEALTH

# बारम्बार सोधिने प्रश्नहरू

**इन्भिट्रो अन/गो COVID-19 एन्टिजेन स्व-परीक्षण भनेको के हो?**
इन्भिट्रो अन/गो COVID-19 एन्टिजेन स्व-परीक्षण भनेको लेटरल फ्लो इम्युनोएसे हो जसको उद्देश्य कम्तीमा पनि 36 घण्टाको अन्तरालमा तीन दिनमा दुई पटक गरिएको परीक्षणमा लक्षणहरू भएका वा नभएका वा अन्य महामारीजन्य कारणहरूले गर्दा COVID-19 सङ्क्रमणको शङ्का गरिएका व्यक्तिहरूमा फेला परेको SARS-CoV-2 भाइरसबाट न्यूक्लियोक्याप्सिड प्रोटिन एन्टिजेनको गुणात्मक पहिचान गर्नु हो । यस परीक्षण किटलाई 14 वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूमा आफै आफ्नो नाकबाट लिइएको एन्टेरियर नेजल स्वाब वा दुई वर्ष वा सोभन्दा बढी उमेरका व्यक्तिहरूमा अरू वयस्क व्यक्तिद्वारा नाकबाट लिइएको एन्टेरियर नेजल स्वाबको प्रिस्क्रिप्सनविना नै घरमा प्रयोग गर्न अनुमति दिइएको छ ।

**मोलिक्युलर परीक्षणको तुलनामा COVID-19 एन्टिजेन स्व-परीक्षण कस्तो हुन्छ ?** एन्टिजेन परीक्षण भाइरसका लागि एकदमै विशिष्ट हुन्छन् तर त्यो मोलिक्युलर परीक्षण जति सटीक हुँदैन । यसर्थ पोजिटिभ नतिजा आउँदा नतिजा सही भएको मानिन्छ तर नेगेटिभ नतिजा आउँदा सङ्क्रमणलाई नकार्न सकिँदैन ।

**मेरो परीक्षणको म्याद कहिले सकिन्छ?** हाल तपाईंको बाकसमा प्रिन्ट गरिएको महिनाको अन्तिम तारिखमा (अर्थात्, जनवरी 2022 भन्नाले जनवरी 31, 2022 बुझ्नु पर्छ) परीक्षणको म्याद सकिन्छ । यद्यपि FDA ले EUA अन्तर्गत On/Go जस्ता मेडिकल उत्पादनहरूको सूक्ष्म अध्ययन गरेपछि म्याद थप गर्छ ।  यो वेबसाइटमा गएर थप विवरण प्राप्त गर्नुहोस् र म्याद थप गरिएको पूर्ण सूची हेर्नुहोस्: www.letsongo.com/product-updates

**यो किटमा किन दुईवटा परीक्षण किटहरू हुन्छन् ?** On/Go का अनुसार, यो परीक्षण मानिसहरूले कम्तीमा पनि 24 घण्टाको अन्तरालमा (र 48 घण्टाभन्दा बढी नहुने गरी) तीन दिनमा दुई पटक विना प्रिस्क्रिप्सन (ओभर-द-काउन्टर) वा स्व-प्रयोग गर्न सक्ने गरी तयार गरिएको छ । समावेश गरिएका दुईवटा परीक्षण किटहरूका सहायताले व्यक्तिहरू सिफारिस गरिएको प्रयोग पूरा गर्न सक्छन् ।

**मेरो परीक्षणको नतिजा पोजिटिभ आएमा के गर्ने ?** तपाईंको परीक्षणको नतिजा पोजिटिभ आयो भने यस कार्डको अर्को भागमा भएको लिङ्कमार्फत आफ्ना नतिजाहरूका बारेमा जानकारी गराउन नबिर्सनुहोस् । थप दिशानिर्देशका लागि, यहाँ जानुहोस्:
**healthvermont.gov/covid19positive**

तपाईं इन्भिट्रो अन/गो COVID-19 एन्टिजेन स्व-परीक्षणका बारेमा थप जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने **www.letsongo.com/faq** मा जानुहोस्